नेपाल सरकार

श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाण्डौ

# त्रैमासिक बुलेटिन

**(श्रावण-असोज,२०८२)**

**प्रकाशक: वैदेशिक रोजगार बोर्डको सचिवालय**

**बबरमहल, काठमाडौं, नेपाल**



## १. आ.व. २०८२/ ०८३ को प्रथम त्रैमासिक भौतिक प्रगति विवरण


### १.१ २०८२/०८३ को प्रथम त्रैमासिकमा सम्पादन कल्याणकारी सेवाको विवरणः

नेपाल सरकारले वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, मर्यादित, र व्यवस्थित बनाउने तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहित संरक्षण गर्नका लागि वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३८ बमोजिम गठित बोर्डको काम, कर्तव्य र अधिकारक्षेत्र भित्रका निर्णयहरुको कार्यान्वयन गर्न ऐनको दफा ४२ बमोजिम स्थापना गरिएको बोर्ड सचिवालयले वैदेशिक रोजगारमा गएका कामदार र तिनका परिवारलाई निरन्तर रूपमा कल्याणकारी सेवाहरु, राहत, उद्धार, पुनःस्थापना, सिप विकास तालिम, परामर्श र जनचेतनामुलक सामग्रीको निर्माण तथा प्रशारण गर्ने कार्य गर्दै आईरहेको छ। सचिवालयले चालु आ.व.२०८२/८३ को प्रथम त्रैमासिकमा सम्पादन गरेको सेवाको विवरण तालिकामा उल्लेख गरिएको छ।

| क्र.स. | शीर्षक | श्रावण | भाद्र | असोज | जम्मा |
|---|---|---|---|---|---|
| १ | उद्धार तथा खोजतलास | १८ | २२ | ३ | ४३ |
| २ | शव झिकाउने | ३९ | ४४ | २८ | १११ |
| ३ | शव ढुवानी | ४३ | ९९ | ९३ | २३५ |
| ४ | पारिवारिक औषधोपचार सहायता | ७० | ६२ | ३४ | १६६ |
| ५ | अंगभंग/गम्भीर बिरामी आर्थिक सहायता | ९० | ७३ | ४२ | २०५ |
| ६ | मृतक कामदारको परिवारलाई आर्थिक सहायता | १४२ | १२६ | ९८ | ३६६ |
| | जम्मा | ४०२ | ४२६ | २९८ | ११२६ |

वैदेशिक रोजगार बोर्डले चालु आर्थिक बर्ष २०८२/८३ को पहिलो त्रैमासिकमा कुल १ हजार १ सय २६ जनाले सेवा प्राप्त गरेकोमा सबैभन्दा बढी भाद्र महिनामा ४ सय २६ जनाले सेवा प्राप्त गरेका छन् भने असोज महिनामा २ सय ९८ जनाले सेवा लिएको देखिन्छ। सेवाको किसिममा हेर्दा सबैभन्दा बढी सेवा लिनेको संख्या मृतक कामदारको परिवारलाई आर्थिक सहायता लिनेतर्फ ३ सय ६६ जना रहेको देखिन्छ भने सबैभन्दा कम उद्धार तथा खोजतलास तर्फ ४३ जनाले मात्र सेवा प्राप्त गरेको देखिन्छ। सेवाको प्रवाहलाई विश्लेषण गर्दा असोज महिनामा चाडपर्व बिदा रहनु र किसिममाहेर्दा उद्धार र राहत तर्फ न्यून रहनुमा विदेशस्थित नेपाली राजदुतावासमा जनशक्तिको अभाव रहनु प्रमुख कारणका रूपमा रहेका छन् उल्लेखित विवरणलाई तलको स्तम्भ चित्रबाट थप स्पष्ट गरिएको छ।

## २०८२/०८३ को प्रथम त्रैमासिकमा सम्पादन गरेको सेवाको विवरण




माथिको स्तम्भ चित्रमा बोर्ड सचिवालयबाट सञ्चालन गरिने कल्याणकारी कार्यहरुमा चालु आ.व. को प्रथम त्रैमासिकमा २०८२ उद्दार तथा खोजतलासतर्फ ४३ जना, अलपत्र परेका १ सय ११ जना कामदारको शव स्वदेश झिकाइएको, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट मृतक कामदारको शव निजको घरसम्म ढुवानी २ सय ३५ जना, कामदारका परिवारलाई औषधोपचार सहायता १ सय ६६ जना, गम्भीर रोग बिरामी भएका कामदार तथा पूर्ण एवं आंशिक रुपमा अंगभङ्ग भएका कामदारलाई आर्थिक सहायता २ सय ५ जना र मृतक कामदारका परिवारलाई आर्थिक सहायता ३ सय ६६ जना गरि कुल १ हजार १ सय २६ जनालाई बोर्ड सचिवालयबाट कल्याणकारी सेवा प्रदान गरिएको छ।

## १.२ आ.ब. २०८२/०८३ को प्रथम त्रैमासिकमा श्रमाधान कलसेन्टरबाट प्रदान गरिएको सेवाको विवरणः

श्रम र रोजगारसँग सम्बन्धित सम्पूर्ण जिज्ञासा एवं गुनासो र समस्याहरु तत्काल सम्बोधन गर्न तथा सेवा प्रवाहलाई प्रभावकारी एवं गुणस्तरीय बनाउने उद्देश्यले श्रमाधान कलसेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ बमोजिम स्थापना गरिएको श्रमाधान कलसेन्टरमा आ.ब. २०८२/०८३ को पहिलो त्रैमासिकमा प्राप्त भएका गुनासो तथा समस्याहरु र तिनको समाधान गरिएको विवरण निम्नानुसार रहेको छ।

| *क्र.स.* | *विवरण* | *जम्मा कल* | *नहेरिएको* | *हेरिएको* | *समस्या समाधान* |
|---|---|---|---|---|---|
| १ | वैदेशिक रोजगार विभाग | २१९ | १६३ | १६३ | ३४ |
| २ | श्रमाधान कलसेन्टर | ४२ | ० | ४२ | ४२ |
| ३ | व्यवसायिक तथा सीप विकास प्रतिष्ठान | १ | १ | ० | ० |
| ४ | वैदेशिक रोजगार बोर्ड सचिवालय | ११० | ० | ११० | ११० |
| ५ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ७ | ७ | ० | ० |
| ६ | सामाजिक सुरक्षा कोष | ४ | ४ | ० | ० |
| ७ | ई.पी.एस.कोरिया शाखा | १ | १ | ० | ० |
| ८ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ५ | ५ | ० | ० |
| ९ | जानकारी सम्बन्धी | ८६७१ | ० | ८६७१ | ८६७१ |
| १० | फलोअप कल | १२३२७ | ० | १२३२७ | १२३२७ |
| ११ | छुटेको कल | ४४२८ | ० | ० | ० |

माथिको तालिकामा सवैभन्दा बढी कल फलोअप कलहरु १२ हजार ३ सय २७ संख्यामा रहेको, जसमा अगाडिका दिनमा राखिएका समस्याहरु तथा जिज्ञासाहरुको बारेमा थप सोधनी भएका कलहरु रहेका छन्। कार्यालयगत रुपमा आएका जिज्ञासा तथा गुनासोहरु सम्बन्धित निकायमा रहेका फोकल पर्शनद्वारा समाधान गर्न पठाइएकोमा सवैभन्दा बढी वैदेशिक रोजगार विभागको २ सय १९ कल आएकोमा ३४ वटा कलको समाधान भएको र बाँकी १६३ कलको समाधान हुने प्रकृयामा रहेको देखिन्छ। श्रमाधान कलसेन्टरसँग सम्बन्धित ४२ वटा कलहरुको तत्काल सम्बोधन भएको छ। व्यवसायिक तथा सीप विकास प्रतिष्ठानसँग सम्बन्धित १ कलको लागि सम्बन्धित नियकामा समाधानका लागि पठाइएकोमा समाधानको स्थिति हालसम्म प्राप्त नभएको देखिन्छ। वैदेशिक रोजगार बोर्ड सचिवालयसँग सम्बन्धित प्राप्त भएका जिज्ञासाहरु १ सय १० वटामा सवै समाधान भएको छ। श्रम तथा व्यवसायजन्य सुरक्षा विभागसँग सम्बन्धित ७ वटा जिज्ञासाहरु रहेकोमा तत्काल समाधानका लागि पठाइएको र फछ्यौटेको जानकारी प्राप्त नभएको देखिन्छ। सामाजिक सुरक्षा कोषसँग सम्बन्धित ४ वटा कलहरु समाधानका लागि पठाइएको र ई.पी.एस. कोरिया शाखासँग सम्बन्धित १ गुनासो समाधानका लागि पठाइएको छ। श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित ५ वटा

जिज्ञासाहरु पनि समाधानका लागि पठाइएको छ। विभिन्न विषयमा जानकारी तथा सूचनाका लागि प्राप्त भएका ८६७१ कलहरुको सम्बोधन भएको देखिन्छ। श्रमाधान कलसेन्टरसँग सम्बन्धित नभएका ४४२८ वटा कलहरुको समाधान गर्न नसकिएको देखिन्छ।

## १.३ आ.व. २०८२/०८३ को प्रथम त्रैमासिकमा टेलिमेडिसिन सेवा प्रदान गरिएको विवरण

वैदेशिक रोजगारमा रहेका नेपाली श्रमिकहरुको स्वास्थ्य सम्बन्धी समस्या समाधानको लागि आवस्यकता अनुसार समयमै स्वास्थ्य सल्लाह, सुरक्षा तथा परामर्श सेवा उपलब्ध गराउने उद्देश्यले टेलिमेडिसिन सेवा सञ्चालन कार्यविधि, २०७९ बमोजिम हाल चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र बोर्ड सचिवालयको दुईपक्षीय सम्झौता बमोजिम वीर अस्पतालबाट २४सै घण्टा टेलिमेडिसिन सेवा प्रदान गरिएको छ। आ.ब. २०८२/०८३ को प्रथम त्रैमासिक टेलिमेडिसिन सेवा प्रदान गरिएको विवरण निम्नानुसार रहेको छ।

**देशगत रुपमा टेलिमेडिसिन सेवाका लागि आएका कलहरुको संख्या**

| | | | | | |
|---|---|---|---|---|---|
| मलेसिया | १८५ | इराक | १७ | भारत | ३ |
| साउदी अरेबिया | १२३ | जाम्बिया | २३ | पी एन जी | ५ |
| युएई | १०९ | माल्टा | १७ | इजरायल | ३ |
| साइप्रस | ७३ | युके | २० | संयुक्त राज्य अमेरिका | १ |
| जापान | ७५ | पोर्चुगल | १८ | स्पेन | १ |
| कुवेत | ६१ | रूस | १२ | न्युजिल्याण्ड | १ |
| कतार | ५८ | ग्रीस | १५ | फिनल्याण्ड | ४ |
| कोरिया | ३७ | क्रोएसिया | १० | मौरिसस | ४ |
| ओमान | ३२ | पोल्याण्ड | १२ | मकाउ | २ |
| बहराइन | ४१ | सेशेल्स | ७ | फिलिपिन्स | २ |
| रोमानिया | ३२ | क्यानडा | १६ | ब्रुनाई | १ |
| जर्मनी | १२ | अस्ट्रेलिया | ८ | आयरल्याण्ड | १ |
| अफ्रिका | १२ | चीन | ५ | **कुल जम्मा** | **१०७२** |
| माल्दिभ्स | १४ | | | | |

**स्वास्थ्य परामर्श लिएका क्षेत्र तथा विभागहरु**

| क्र.स. | विभाग | कल संख्या | समाधान भएका कल संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | जनरल मेडिसिन | २१३ | २१३ | १९.८७ | |
| २ | शल्यक्रिया | ११५ | ११५ | १०.७३ | |
| ३ | अर्थोपेडिक | १०१ | १०१ | ९.४२ | |
| ४ | नाक, कान, घाँटी | १२९ | १२९ | १२.०३ | |
| ५ | छाला विज्ञान | ११७ | ११७ | १०.९१ | |
| ६ | मनोचिकित्सक | १६३ | १६३ | १५.२१ | |
| ७ | युरोलोजी | ३९ | ३९ | ३.६४ | |
| ८ | नेत्र विज्ञान | १७ | १७ | १.५९ | |
| ९ | दन्त | २६ | २६ | २.४३ | |
| १० | ग्यास्ट्रो औषधी | १२२ | १२२ | ११.३८ | |
| ११ | अन्य | ३० | ३० | २.८० | |
| | **कुल जम्मा** | **१०७२** | **१०७२** | १०० | |

आ.ब. २०८२/०८३ को प्रथम त्रैमासिकमा स्वास्थ्यसँग सम्बन्धित समस्याहरुको समाधानका लागि ३९ वटा देशबाट १ हजार ७२ वटा कलहरु प्राप्त भएको छ। जसमा जनरल मेडिसिन सँग सम्बन्धित समस्याहरु २ सय १३ वटा अर्थात् १९.८७% जिज्ञासाहरु प्राप्त भएका छन्। शल्यक्रिया सम्बन्धी १ सय १५ वटा कल अर्थात् १०.७३% रहेको छ। यसैगरि अर्थोपेडिक सम्बन्धी १ सय १, नाक कान घाँटी सम्बन्धी १ सय २९, मानसिक रोग सम्बन्धी १ सय ६३, युरोलोजी सम्बन्धी, ३९, नेत्र रोग सम्बन्धी १७, दन्तरोग सम्बन्धी २६, ग्यास्ट्रो सम्बन्धि १ सय २२ र अन्य रोगसँग सम्बन्धित ३० वटा कलहरु प्राप्त भएको देखिन्छ। यसरी पहिलो त्रैमासिकमा पर्स भएका १ हाजर ७२ जनाको समस्या सम्बोधन भएको छ। यसप्रकार, टेलिमेडिसिन सेवा समग्र वैदेशिक रोजगारमा रहेका कामदारहरुका लागि प्रभावकारी रहेको देखिन्छ।

### १.४ अन्य कार्यहरुः

- वैदेशिक रोजगारमा जान चाहने कामदारहरुका लागि सीपमुलक तालिमको आशयपत्र माग गरि प्राप्त भएका आशयपत्रहरु मूल्यांकन भई प्रस्ताव माग गर्ने तयारीमा रहेको।
- सरकारी सञ्चार माध्यमसँगको सहकार्यमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा गतिविधि उत्पादन तथा प्रशारण अन्तरगत सार्वजनिक सेवा प्रशारण संस्था रेडियो नेपालसँग "वैदेशिक रोजगारी" कार्यक्रम उत्पादन तथा प्रशारणका लागि दुई पक्षीय सम्झौता भएको। त्यस्तै नेपाल टेलिभिजनसँग "रोजगार हाम्रो सरोकार" कार्यक्रम उत्पादन तथा प्रशारण गर्न दुई पक्षीय सम्झौता भएको।

## २. आ.व. २०८२/०८३ को प्रथम त्रैमासिक वित्तीय प्रगति विवरण

वैदेशिक रोजगार बोर्ड सचिवालयको चालु आर्थिक वर्षको प्रथम त्रैमासिक वित्तीय अवस्था विश्लेषण गर्दा वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोषतर्फ वार्षिक रु. २ अर्ब ३१ करोड ७८ लाख बजेट विनियोजन भएकोमा असोज मसान्तसम्म रु. ४७ करोड आम्दानी प्राप्त भएको छ भने खर्च २७ करोड ८२ लाख ५७ हजार ५ सय ३७ भएको देखिन्छ। आम्दानी र खर्चको अवस्था हेर्दा तुलनात्मक रुपमा राम्रो रहेता पनि बैंक तथा वित्तीय क्षेत्रमा रहेको तरलताका कारण आम्दानी अपेक्षित रुपमा हुने सकेको छैन। यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

### आ.व. २०८२/०८३ को प्रथम त्रैमासिक आय/व्यय विवरण (कोष तर्फ)

| *वार्षिक बजेट* | *२०८२ श्रावणदेखि असोज सम्मको आम्दानी* | *आम्दानी प्रतिशत* | *२०८२ श्रावणदेखि असोजसम्मको खर्च* | *खर्च प्रतिशत* |
|---|---|---|---|---|
| २,३१,७८,००,००० | ४७,००,००,००० | २०.२७% | ३४,८९,४७,००२ | १५.०५% |

### आ.व. २०८२/०८३ को प्रथम त्रैमासिक आय/व्यय विवरण (नेपाल सरकारतर्फ)


| वार्षिक विनियोजन बजेट | २०८२ श्रावण देखि असोज सम्मको आम्दानी (निकासा रकम) | आम्दानी प्रतिशत | २०८२ श्रावण देखि असोज सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २,४३,००,००० | ६४,७९,०४६.६० | २६.६६% | ६२,९२,५५१.६० | २५.८९% |

### आ/व. २०८२/०८३ को प्रथम त्रैमासिक कल्याणकारी सेवाहरुतर्फको खर्च विवरण:

| क.स. | कार्यक्रम | जम्मा खर्च रकम |
|---|---|---|
| १ | मृत्यु भएका कामदारका परिवारलाई आर्थिक सहायता | २२,४३,७५,००० |
| २ | गन्तब्य मुलुकमा अलपत्र परेका कामदारको उद्धार ब्यबस्थापन | १,९०,४५१ |
| ३ | कामदारको शव अन्तर्राष्ट्रिय विमानस्थलदेखि निजको घरसम्म ढुवानी | ७७,८८,७४१ |
| ४ | महिला कामदारलाई पूर्वप्रस्थान अभिमुखीकरण तालिम बापतको रकम सोधभर्ना | २,०३,००० |
| ५ | अंगभंग वा बिरामी भएका कामदारलाई आर्थिक सहायता | ८,३७,८३,००० |
| ६ | कामदार वा परिवारलाई आर्थिक सहायता | १२,२५,००० |
| ७ | कामदारका परिवारलाई स्वास्थ्योपचार सहयोग | ४६,८५,००० |
| ८ | अलपत्र कामदारको शव नेपाल ल्याउने | १,६३,३३,३८८ |
| | **जम्मा (रु.)** | **३३,८५,८३,५८०** |

वैदेशिक रोजगार बोर्ड सचिवालयबाट आ.व. २०८२/०८३ को पहिलो त्रैमासिकमा सम्पादन भएका कार्यक्रमहरुमा विशेष गरी कल्याकारी कार्यहरु नियमित रुपमा सञ्चालन भएका छन्। समग्र वैदेशिक रोजगार बोर्ड सचिवालयको बजेट खर्चको स्थिति हेर्दा धेरै वित्तीय भार कल्याणकारी सेवाहरु सञ्चालन र वितरणमा खर्च भएको देखिन्छ।

आ/व. २०८२/०८३ मा पहिलो त्रैमासिक वित्तीय प्रगति (कल्याणकारी सेवा)




बोर्ड सचिवालयको आ.व. २०८२/२०८३ को वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन चरणको पहिलो त्रैमासिकमा वैदेशिक रोजगारमा रहेका कामदारहरुको मृत्यु भएमा कामदारका परिवारलाई प्रदान गरिने आर्थिक सहयात रु १० लाखका दरले प्रदान गरिन्छ भने सो बापतको रु. २२ करोड ४३ लाख ७५ हजार खर्च भएको देखिन्छ। यसैगरी वैदेशिक रोजगारमा अलपत्र परेका कामदारको उद्दार, खोज तलास लगाएतका कर्यमा रु. १ लाख ९० हजार ५१ रुपैया, वैदेशिक रोजगारमा गएका कामदारको मृत्यु भई स्वदेशमा झिकाइएका शवहरु त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट निजको घरसम्म ढुवानी गर्ने कार्यमा रु. ७७ लाख ८८ हजार ७ सय ४१ रुपैया खर्च भएको छ।

वैदेशिक रोजगारमा जानुपूर्व सम्बन्धित देशको भाषा, काम गर्ने वातावरण, व्यक्तिगत सुरक्षा तथा स्वास्थ्य, ऐन, नियमका व्यवस्थाहरु लगाएतका विषयमा जानकारी दिन वैदेशिक रोजगारमा जाने महिला कामदारहरुलाई प्रदान गरिने पूर्वप्रस्थान अभिमुखीकरण तालिम बापतको शुल्क शोधभर्ना बापत रु. २ लाख ३ हजार रुपैयाँ खर्च भएको छ। श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा रहेका वा करार अवधिभर स्वदेश फर्किएका कामदारहरु आंशिक तथा पूर्ण अशक्त एवं क्यान्सर, मुटुको शल्यक्रिया, मृगौला प्रत्यारोपण, पार्किसन तथा अल्जाइमर गम्भीर प्रकृतिका रोग लागि उपचारको क्रममा रहेका कामदारहरुलाई अधिकतम रु. ७ लाख सम्म आर्थिक सहायता प्रदान गर्ने व्यवस्था भएकोमा उक्त कार्यका लागि रु. ८ करोड ३७ लाख ८३ हजार रुपैयाँ खर्च भएको छ। यसैगरी, श्रम स्वीकृती लिई वैदेशिक रोजगारमा गएका कामदारको करार अवधि समप्त भै मृत्य भएमा रु २५ हजार रुपैयाँ कामदारका परिवारलाई आर्थिक सहायता दिने व्यवस्था भएकोले उक्त कार्यका लागि रु.१२ लाख २५ हजार रुपैयाँ खर्च भएको छ।

वैदेशिक रोजगारमा रहेका कामदारहरुको करार अवधिभित्र निजका परिवारका सदस्यहरुलाई क्यान्सर, मुटुको शल्यक्रिया, मृगौला प्रत्यारोपण, पार्किसन तथा अल्जाइमर जस्ता गम्भीर प्रकृतिका

रोग लागेमा प्रदान गरिने स्वास्थ्योपचार सहायता कार्यका लागि रु. ४६ लाख ५० हजार रुपैयाँ खर्च भएको छ। श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गएका कामदार मृत्य भई निजको शव अलपत्र परेको अवस्थामा स्वदेश झिकाई अन्तिम संस्कारका लागि परिवारको जिम्मा लागाउने कार्य बोर्डबाट प्रदान गर्ने व्यवस्था भएकोले अलपत्र परेका कामदारका सवहरु विदेशबाट स्वदेशमा झिकाउने कार्यमा रु १६ करोड ३३ लाख रुपैयाँ खर्च भएको छ। यसरी, बोर्डबाट चालु आ.व.को प्रथम त्रैमासिकमा कल्याणकारी कार्यहरुमा कुल ३३ करोड ८५ लाख ८३ हजा ५ सय ८० रुपैयाँ खर्च भएको छ।

## ३. बोर्डको १८ औं स्थापना दिवस कार्यक्रम सम्पन्न

मिति २०८२ कार्तिक १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सगरमाथा हलमा सम्माननीय प्रधानमन्त्री एवं सामाजिक सुरक्षा मन्त्री तथा बैदेशिक रोजगार बोर्डका अध्यक्ष सुशीला कार्कीज्युको प्रमुख आतिथ्यतामा दिप प्रज्वलन गरी बोर्डको १८ औं स्थापना दिवसको उद्धघाटन शत्र विधिवत रूपमा शुभारम्भ गरियो। बोर्ड सचिवालयबाट आ. व. २०८१/०८२ मा सम्पादन गरेका कार्यक्रमहरुको विवरण बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेती प्रस्तुत गर्नुभयो। श्रम रोजगार तथा सामाजिक सुरक्षा मंत्री एंव बोर्डको अध्यक्षसमेत रहनुभएको प्रधानमन्त्री कार्कीले वैदेशिक रोजगारीमा जानेहरूलाई सीप सिकाएर दक्ष बनाउनुपर्नेमा जोड दिनुभयो। "वैदेशिक रोजगारीमा उत्पन्न हुने समस्या समाधानका लागि बोर्डले सुरु गरेको 'श्रमाधान कल सेन्टर' र 'टेलिमेडिसिन' सेवा श्रमिक हितका दृष्टिले उपयोगी देखिएको कुरा र बोर्डले प्रदान गर्ने सबै कल्याणकारी सेवा पूर्ण रूपमा अनलाईन प्रणालीमार्फत उपलब्ध गराएर सेवाग्राहीको पहुँच बढाउन बोर्डले चालेका कदम प्रशंसनीय रहेको कुरा प्रधानमन्त्री सुशीला कार्कीले बताउनुभयो।



## ४. आ/व. २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदनको मुख्य झलक

### आ/व. २०८१/०८२ को विनियोजित बजेट र खर्च विवरण (श्रोतगत)

आर्थिक वर्ष २०८१/०८२ मा कुल रू. २ अर्ब ५५ करोड ५८ लाख ३० हजार बिनियोजन भएकोमा ८४.११ प्रतिशत खर्च भएको छ। नेपाल सरकारतर्फ २ करोड २८ लाख बिनियोजन भएकोमा २ करोड १६ लाख ८३ हजार अर्थात् ९५.१० प्रतिशत खर्च भएको देखिन्छ भने कल्याणकारी कोषबाट रु/२ अर्ब ५१ करोड ८६ लाख २५ हजार बिनियोजन मध्ये रू. २ अर्ब ११ करोड ८५ लाख ०९ हजार ७ सय २० अर्थात् ८४.१२ प्रतिशत खर्च भएको छ। एस.डी.सी.

अनुदानबाट रू. १ करोड ४४ लाख ५ हजार बिनियोजन भएकोमा रू. ९४ लाख १५ हजार अर्थात् ६५.३६ प्रतिशत खर्च भएको देखिन्छ। समग्र रूपमा हेर्दा कुल बिनियोजित रकमको ८४.११ प्रतिशत खर्च भएको देखिन्छ, जुन विनियोजन कुशलता र खर्चको हिसाबले राम्रो रहेको छ।

| *श्रोत* | *बार्षिक विनियोजन (रकम रू. हजारमा)* | *बार्षिक खर्च (रकम रू. हजारमा)* | *खर्च प्रतिशत* | *कैफियत* |
|---|---|---|---|---|
| *नेपाल सरकार* | २२,८००।०० | २१,६८३।०० | ९५।१० | |
| *एस.डी.सी. अनुदान* | १४,४०५।०० | ९,४१५।०० | ६५।३६ | |
| *कल्याणकारी कोष* | २५,१८,६२५।०० | २१,१८,७०९।७२ | ८४।१२ | |
| *जम्मा* | २५,५५,८३०।०० | २१,४९,८०७।०० | ८४।११ | |

## आ. व. २०८१/०८२ मा बोर्डले प्रदान गरेको मुख्य सेवाहरूको संक्षिप्त विवरण

| *क्र/स.* | *सेवाको शीर्षक* | *संख्या* |
|---|---|---|
| *(क)* | कल्याणकारी सेवा | |
| १ | मृतक कामदारको हकवालालाई आर्थिक सहायता | १५४४ |
| २ | अंगभंग/ गम्भीर बिरामी भएका कामदारलाई आर्थिक सहायता | ७६२ |
| ३ | वैदेशिक रोजगारीमा गएका कामदारका परिवारलाई स्वास्थ्य उपचार सहयोग | ३४४ |
| ४ | वैदेशिक रोजगारीमा गई मृत्यु भएका कामदारको शव नेपाल झिकाइएको | ४९५ |
| ५ | वैदेशिक रोजगारिमा गई मृत्यु भएका कामदारको निः शुल्क शव ढुवानी | १०९२ |
| ६ | अलपत्र कामदारको उद्धार | २३४ |
| ७ | वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायता | ३१४५ |
| *(ख)* | सीप विकास तालिम | |
| १ | वैदेशिक रोजगारी पूर्वप्रस्थान अभिमुखीकरण तालिमको रकम सोधभर्ना (महिलालाई मात्र) | १४८० |
| २ | निःशुल्क सीप बिकास तालिम | १९८६६ |
| *(ग)* | अन्य सेवाहरु | |
| १ | श्रमाधान कल सेन्टर मार्फत् गुनासो एवं सल्लाह सुझाब | ६५८०५ |
| २ | टेलिमेडिसिन सेवा | ३०३१ |

गत आर्थिक वर्षमा वैदेशिक रोजगार बोर्डबाट उल्लेखित सेवाहरु प्रवाह गरिएका छन्। मृतक कामदारका परिवारले पाउने रु. १० लाख आर्थिक सहायता बापतको रकम रु.१ हजार ५ सय ४४ परिवारका हकवालालाई प्रदान गरिएको छ भने ७ सय ६२ अंगभंग वा गम्भीर बिरामीलाई सहयोग, ४ सय ९५ शव नेपाल झिकाइएका र १ हजार ९२ जनाको शव निःशुल्क मृतकको परिवारले चाहेको स्थानसम्म ढुवानी गरिएको थियो। यसैगरी २ सय ३४ अलपत्र कामदारको उद्धार गरिएकोमा वैदेशिक रोजगारमा गई मृत्यु भएका र विरामी/अंगभंग भई पूर्ण अशक्त भएका श्रमिकका सन्ततिलाई प्रदान गरिने छात्रवृत्ति ३ हजार १ सय ४५ जनालाई प्रदान गरिएको थियो।

वैदेशिक रोजगारीमा जाने कामदारलाई प्रदान गरिने निशुल्क सीप विकास तालिम १९ हजार ८ सय ६६ जनालाई प्रदान गरिएको थियो भने १ हजार ४ सय ८० महिला श्रमिकलाई अभिमुखीकरण तालिमको रकम शोधभर्ना गरिएको थियो। अन्य सेवाहरूमा ६५ हजार ८ सय ५ गुनासो तथा जिज्ञासा श्रमाधान कल सेन्टरमार्फत सम्बोधन गरिएकोमा ३ हजार ३१ जना कामदारले टेलिमेडिसिन सेवा प्राप्त गरेको देखिन्छ।

समग्रमा, वैदेशिक रोजगार बोर्डले गत आर्थिक वर्षमा कल्याणकारी सेवाहरु, सिप विकास तालिम, श्रमाधान कल सेन्टर सेवा र टेलिमेडिसिन सेवाहरु प्रदान गर्दै आएको छ। यसैगरी, मृतक कामदारको हकवालालाई आर्थिक सहायता, शव ढुवानी, अंगभंग वा गम्भीर बिरामी भएका कामदारलाई आर्थिक सहायता, शव नेपाल झिकाउने, कामदारका परिवारलाई स्वास्थ्योपचार सहयोगका साथसाथै अलपत्र कामदारलाई उद्धार गरिएको छ।